२३ जेष्ठ, २०७७

# दैनिक गतिविधि

फोन नं. ०६१-५२०३५० फ्याक्सः ०६१-५२०३३०

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## गण्डकी प्रदेशको (COVID-19) सम्बन्धि जानकारी

**नेपालमा :**

२९१२
संक्रमित

१०
मृत्यु भएका

३३३
निको भएका

**गण्डकी प्रदेशको पछिल्लो तथ्याङ्कः**

४६८७
PCR परिक्षण गरिएको

७५४
नतिजा आउन बाँकी (PCR)

३८७७
संक्रमण नदेखिएको (PCR)

९२८७
RDT परिक्षण गरिएको

५६
संक्रमण देखिएको (PCR)

अध्यावधिक मिति : २०७७/०२/२३
समय : बेलुका ६:00 बजे



आज सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको आतिथ्यतामा र श्रीमान् सचिवज्यूको उपस्थितीमा तथा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू , प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र स्वास्थ्य तालिम केन्द्रका निर्देशकज्यू लगायत महाशाखा प्रमुखज्यूहरुको सहभागितामा सामाजिक विकास मन्त्रालयको आ.ब. २०७७/७८ को योजनाको अन्तिम खाका तयार पार्नका लागि बैठक सम्पन्न भएको छ ।





स्वास्थ्य कार्यालय, कास्कीको सभाहलमा कास्की जिल्ला भित्रका स्वास्थ्य संयोजक लगायतका स्वास्थ्यकमीहरुका लागि Case Investigation & Contact Tracing र Gandaki Province Health Information Portal सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।






नेपाल सरकारको समन्वयमा देशका विभिन्न सरकारी अस्पतालबाट HIV संक्रमितलाई ART सेवा दिँदै आएको AIDS Health Care Foundation (AHF Nepal) पोखरा शाखाले विपन्न बर्गका दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्दै आइरहेका HIV संक्रमित एकल महिला, असहाय, गरिब विरामी तथा HIV संक्रमित बच्चाहरूलाई लक्षित गरी विभिन्न खाद्यान्न राहात स्वरूप वितरण गरेको छ।

AHF नेपाल पोखराका क्षेत्रीय संयोजक डा. प्रिती आचार्यको संयोजकत्वमा अस्पतालमै ART सेवा लिन आउने बिरामीलाई औषधि साथसाथै राहत स्वरूप सर्वोत्तम पिठो, तेल, दाल, लगायत अन्य खाद्यान्न वितरण गरिएको छ। साथै ART सेवा लिन अस्पताल आउन नसक्ने बिरामीलाई AHF नेपालमा कार्यरत कर्मचारीका साथै CHBC को सहयोगमा घर घरमा राहत स्वरूप खाद्यान्न वितरण गरिएको छ ।

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्माज्यूको अध्यक्षतामा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्काज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखहरु श्री शम्भु ज्ञवालीज्यू, डा. राम बहादुर के.सी.ज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त प्रमुख श्री सपना सुवेदीज्यू, प्रदेश प्रहरीका प्रतिनिधि, पोखराका विभिन्न अस्पतालका प्रतिनिधीहरु, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी लगायत स्वास्थ्य निर्देशनालयका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । अनलाइन जुम सफ्टवेयरबाट EDCD काठमाडौंका प्रतिनिधि र गण्डकी प्रदेशका स्वास्थ्य निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वीचमा स्वास्थ्य सामग्रीको आपुर्ती व्यवस्थापन, Malaria Case Management, भावी योजना लगायत मलेरिया नियन्त्रण र अन्य चुनौतीका बारेमा पनि छलफल भएको छ ।








नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर
१०९२